पत्रोत्तर प.स., च.नं. र मिति उल्लेखित हुन अपेक्षित छ ।

# दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार, खोटाङ

कोशी प्रदेश नेपाल

पं.स.२०७९/०८०
चलानी नं. ११०८

मिति:२०८०/०१/२५

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

श्री वडा कार्यालयहरु(सबै),
दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ ।

**विषयः सुचना प्रवाह गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा, श्री सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुङगाको प्राप्त प. सं. ०७९/०८०, च. नं. ९७१, मिति २०८०/१/२५ गतेको पत्र अनुसार तहाँ वडा कार्यालयबाट निजि आवास पुर्ननिर्माण तथा प्रवलिकरण कार्यको अन्तिम समयसिमा मिति २०८० असार मसान्त सम्म तोकीआएको हुँदा सम्पुर्ण सर्वसाधारण, नागिरक र लाभग्राहीहरुलाई सूचना प्रवाह गर्नका निमित्त वडाको सूचना पाटीमा टाँस गर्ने र आधिकारिक सामाजिक संजालमा समेत प्रविष्ट गरी आम समुदायलाई जानकारी गराईदिनुहुन अनुरोध छ । साथै सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुङगाबाट प्राप्त पत्र यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा समेत अनुरोध छ ।

२०८०/१/२५

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

# सघन शहरी तथा भवन निर्माण आयोजना

ओखलढुङ्गा

प.स.: ०७९।०८०
च.नं. :

मिति: २०८०/०१/२५

## सुचना ! सुचना !! सुचना !!!

**निजी आवास पुर्ननिर्माण तथा प्रवलिकरण लाभग्राहीहरुलाई पुर्ननिर्माण सम्बन्धी अन्तिम समयसीमा तोकिएको अत्यन्त जरुरी सूचना**

१. भूमिहीन तथा भुकम्पबाट विस्थापितका लागी जग्गा व्यवस्थापन भईसकेका लाभग्राहीहरुको मात्र निजी आवास निर्माणको कार्य आगामी २०८० असार मसान्तसम्ममा सम्पन्न गर्ने ।
२. पुनरावेदन समितिबाट मिति २०७९।०९।०९ सम्म लाभग्राही कायम भई सम्झौता भएका पुर्नर्निर्माण तथा प्रवलिकरण लाभग्राहीहरुको निर्माण कार्य २०८० असार मसान्त अगावै सम्पन्न गरी सम्पन्न घरहरुको सक्कल निरीक्षण फारम, बडा कार्यालयको सक्कल सिफारीस सहितको अनुसूचीहरु मिति २०८० असार मसान्तसम्म सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुंगामा पेश गरीसक्नु पर्ने ।
३. मिति २०८० असार मसान्त भन्दा पछि किस्ता भुक्तानीको लागी प्राप्त हुन आएका फाइलहरु उपर कुनै काम / कार्बाही गरिनेछैन् ।
४. भूमिहीन तथा भुकम्पबाट विस्थापितका लागी जग्गा व्यवस्थापन भइसकेका लाभग्राहीहरु र पुनरावेदन समितिबाट कायम भएका लाभग्राहीहरु बाहेक अन्य लाभग्राहीहरुको मिति २०७९ असार २० गते समयसिमा समाप्त भएको हुँदा त्यस्ता फाइलहरु उपर कुनै काम / कार्बाही गरिनेछैन् ।

**यस सम्बन्धि थप जानकारीका लागी सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुंगाको सम्पर्क नं. ०३७-५२०७४७, ०३७-५२०३५० वा पालिकामा कार्यरत कर्मचारीहरुसंग सम्पर्क गर्न सकिनेछ ।**

डा. युवराज पौडेल
आयोजना प्रमुख

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
# सघन शहरी तथा भवन निर्माण आयोजना
ओखलढुङ्गा

प.स.: ०७९।०८०
मिति: २०८०/०१/२५

च.नं. : ८६१

श्री हलेसी तुवाचुङ नगरपालिका, खोटाङ
श्री दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ
श्री ऐसेलुखर्क गाउँपालिका, खोटाङ
श्री रावा बेसी गाउँपालिका, खोटाङ
श्री जन्तेढुङ्गा गाउँपालिका, खोटाङ
श्री खोटेहाङ गाउँपालिका, खोटाङ
श्री केपिलासगढी गाउँपालिका, खोटाङ
श्री दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ
श्री साकेला गाउँपालिका, खोटाङ
श्री वराहपोखरी गाउँपालिका, खोटाङ

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ
दर्ता नं. ५८२
मिति २०८०/०१/२५

**विषय : निजी आवास निर्माण कार्य सम्पन्न गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा केन्द्रीय आयोजना कार्यन्वयन इकाई (भवन तथा आवास), बबरमहल, काठमाडौंको च.नं. १३१४, मिति २०८०।०१।२४ को प्राप्त पत्रानुसार नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८०।०१।१९ को निर्णयअनुसार निजी आवास पुर्ननिर्माण तथा प्रबलिकरण कार्यको अन्तिम समयसिमा मिति २०८० असार मसान्त सम्म तोकिआएको हुँदा तपशिल बमोजिम गर्न गराउँन तहाँ पालिका अन्तर्गतका वडा कार्यालयहरुमा जानकारी गराई समन्वय र सहयोग गरिदिनुहुन अनुरोध छ । साथै यसको सुचना सम्पूर्ण सर्वसाधारणलाई जानकारी गराउन पालिका तथा वडा कार्यालयमा भएको सुचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाई आम समुदायलाई जानकारी गराईदिनुहुन समेत अनुरोध छ ।

<u>तपशिल</u>

१. भूमिहीन तथा भुकम्पबाट विस्थापितका लागी जग्गा व्यवस्थापन भईसकेका लाभग्राहीहरुको मात्र निजी आवास निर्माणको कार्य आगामी २०८० असार मसान्तसम्ममा सम्पन्न गर्ने ।
२. पुनरावेदन समितिबाट मिति २०७९।०९।०९ सम्म लाभग्राही कायम भई सम्झौता भएका पुर्ननिर्माण तथा प्रवलिकरण लाभग्राहीहरुको निर्माण कार्य २०८० असार मसान्त अगावै सम्पन्न गर्न लगाई सम्पन्न घरहरुको सक्कल निरीक्षण फारम,, वडा कार्यालयको सक्कल सिफारीस सहितको अनुसूचीहरु मिति २०८० असार मसान्तसम्म सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुंगामा पेश गरीसक्नु पर्ने ।
३. मिति २०८० असार मसान्त भन्दा पछि किस्ता भुक्तानीको लागी प्राप्त हुन आएका फाइलहरु उपर कुनै काम / कार्बाही अगाडी नबढाइने ।
४. भूमिहीन तथा भुकम्पबाट विस्थापितका लागी जग्गा व्यवस्थापन भइसकेका लाभग्राहीहरु र पुनरावेदन समितिबाट कायम भएका लाभग्राहीहरु बाहेक अन्य लाभग्राहीहरुको मिति २०७९ असार २० गते समयसिमा समाप्त भएको हुँदा त्यस्ता फाइलहरु उपर कुनै काम / कार्बाही नगरीने ।

**पुनश्च : केन्द्रीय आयोजना कार्यन्वयन इकाई (भवन तथा आवास), बबरमहल, काठमाडौंको च.नं. १३१४, मिति २०८०।०१।२४ को प्राप्त पत्र र नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८०।०१।१९ को निर्णय यसैपत्र साथ सम्लग्न गरी पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

श्री प्रशासन, योजना शाखा
अनुगमन शाखा
सूचना पाटीमा टाँस गर्ने
वडामा पठाउन गर्ने

डा. युवराज पौडेल
आयोजना प्रमुख

ई.डा. युवराज पौडेल
आयोजना प्रमुख

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)
बबरमहल, काठमाडौं

☎ ०१-४२६९६१४
०१-४२२१४३७
०१-४२५१७९५
फ्याक्स: ०१-४२५९३१३

मितिः २०८०/०१/२४

पत्र संख्या : २०७९/८०
च.नं.: १३१४

श्री संघीय आयोजना कार्यान्वयन इकाई
(कास्की र रुपन्देही) ।
श्री सघन शहरी तथा भवन निर्माण आयोजना
(धनकुटा, चितवन, धादिङ्ग, ओखलढुङ्गा, रामेछाप, बाग्लुङ्ग र काठमाडौं) ।

विषयः बाँकी लाभग्राहीहरुको निजी आवास निर्माण कार्य सम्पन्न गर्ने सम्वन्धमा ।

नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०८०/०१/१९ को निर्णयानुसार निजी आवास पुनर्निर्माण तथा प्रवलीकरणको कार्यलाई तपसिल बमोजिम गर्ने गरी निर्णय भएकाले आ-आफ्नो कार्यक्षेत्र भित्रका जिल्लाहरुका निजी आवास पुनर्निर्माणका कार्यहरु सम्पादन गर्न हुन अनुरोध छ । साथै सो निर्णयको छायाँप्रति थान-२ यसै पत्र साथ संलग्न छ।

मन्त्रीपरिषद्को निर्णयः

क. भूमिहीन तथा भूकम्पबाट विस्थापितका लागि जग्गा व्यवस्थापन भईसकेका लाभग्राहीहरुको आवास निर्माणको कार्य आगामी २०८० असार मसान्तसम्ममा सम्पन्न गर्ने,

ख. पुनरावेदन समितिबाट मिति २०७९/०९/०९ सम्म कायम भएका लाभग्राहीहरुसँग सम्झौता गरी निजी आवास पुनर्निर्माणको कार्य आगामी २०८० असार मसान्तसम्ममा सम्पन्न गर्ने,

ग. आ.व.०७८/०७९ मा फाईल प्रमाणीकरण भई भुक्तानी हुन बाँकी लाभग्राहीहरुको भुक्तानी गर्ने र २०८० असार मसान्त सम्ममा निजी आवास निर्माण सम्पन्न गर्ने, पुनरावेदन लाभग्राही एंव भूमिहिन/विस्थापित लाभग्राहीहरुलाई प्राप्त बजेटको परिधिभित्र रही भुक्तानी गर्ने ।

तपसिलः

१. २०७२ साल बैशाख १२ गतेको भूकम्पबाट विस्थापित, भूमिहिन तथा पुनरावेदन समितिबाट कायम भएका लाभग्राहीहरुले २०८० असारमसान्त भित्र निजी आवास पुनर्निर्माण गरिसक्नु पर्ने भएकाले आ-आफ्नो कार्यक्षेत्र भित्रका स्थानीय तहहरुमा समेत यथासिघ्र पत्राचार र सो को जानकारी गर्नु/गराउनुका साथै स्वीकृत विनियोजनको परिधि भित्र रही विभिन्न सञ्चार माध्यमबाट समयसिमाका सम्वन्धमा सूसुचित गर्ने व्यवस्था मिलाउने ।

२. चालू आ.व. ०७९/८० मा विनियोजन भएको निजी आवास पुनर्निर्माण तर्फको बजेट फ्रिज हुन नदिन विनियोजित बजेट बढी हुने भएमा उक्त बढी हुने रकम समेतको विवरण यस ईकाइमा यथाशिघ्र जानकारी गराउन हुन र गत आ.व.को असार १५ गते भित्र आवास पुनर्निर्माण कार्य सम्पन्न गरी भुक्तानी बाँकी रहेका लाभग्राहीहरुलाई भुक्तानी दिदाँ चालू आ.व.मा बिनियोजित बजेट अपुग हुने भएमा पहिला दर्ता हुन आएका लाभग्राहीहरुको प्राथमिकता क्रम निर्धारण गरी भुक्तानी गर्ने ।

३. आगामि २०८० असार मसान्तसम्मका लागि भूमिहिन/विस्थापित/पुनरावेदन समितिवाट कायम भएका लाभग्राहीहरुको निजी आवास पुनर्निर्माण/प्रवलिकरण गर्ने समय सिमा तोकिएकाले असार मसान्तसम्म सम्पन्न गरी संघिय आयोजना कार्यान्वयन ईकाइ/सघन शहरी तथा भवन निर्माण आयोजनामा भुक्तानीका लागि आवेदन गर्ने लाभग्राहीहरुको आवास निर्माण सम्पन्न भए/नभएको यकिन गरी बजेट अपुग भई भुक्तानी बाँकी हुने लाभग्राहीहरुको विवरण आगामि आ.व.मा भुक्तानी गर्नका लागि बाँकी भुक्तानी दायित्व श्रृजना भएको अभिलेख/कच्चावारी (मलेप फारम नं २२१) सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गर्ने/गराउने व्यवस्था मिलाउने।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)
बबरमहल, काठमाडौं

☎ ०१-४२६९६१४
०१-४२२१४३७
०१-४२५१७९५
फ्याक्स: ०१-४२५९३१२

मितिः ............................

पत्र संख्या : ०७८१/८०
च.नं.: १३१४

४. वैदेशिक श्रोतबाट प्राप्त अनुदान समेत भएकाले रकम भुक्तानीको सोधभर्नाको लागि अनिवार्य CS Entry गर्नुपर्ने हुदाँ निर्माण सम्पन्न आवासको सिफारिश गर्दा सम्वन्धित प्राविधिकबाट CS Entry समेत गर्ने व्यवस्था मिलाउने ।

(कोष नाथ अधिकारी)
आयोजना निर्देशक

बोधार्थः
श्रीमान् सचिवज्यू, शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।
श्रीमान् महानिर्देशकज्यू, शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाण्डौ।

नेपाल सरकार

## शहरी विकास मन्त्रालय

विषय: बाँकी लाभग्राहीहरुको निजी आवास निर्माण कार्य सम्पन्न गर्ने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति : २०८०/०१/१४

१. <u>विषयको संक्षिप्त व्यहोरा:</u>

सम्वत् २०७२ सालको विनाशकारी भूकम्पले क्षति भएका निजी आवासको पुनर्निर्माणका लागि नेपाल सरकारले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन गरी सो निकायबाट पुनर्निर्माणको काम हुँदै आएकोमा वि.सं. २०७८ साल भदौ ३० गते तत्कालिन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट बाँकी रहेका पुनर्निर्माण सम्बन्धी कार्य मध्ये निजी आवास पुनर्निर्माण समेतका कार्यहरु शहरी विकास मन्त्रालयमा हस्तान्तरण भई शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) बाट कार्यान्वयन हुँदै आइरहेको छ। तत्कालिन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिको २१औं बैठकको निर्णयको बुँदा नं ३.४ अनुसार निजी आवास पुनर्निर्माण तथा अनुदान किस्ता वितरण अवधिको समयसीमा मिति २०७८ चैत्र २६ गतेसम्म तोकिएकोमा उक्त निर्धारित समयसीमा भित्र निजी आवास पुनर्निर्माण तथा प्रवलीकरणको कार्य सम्पन्न हुन नसकेकोले मिति २०७९/०२/३१ को मन्त्रिपरिषदको बैठकले पुनरावेदन समितिबाट लाभग्राही कायम भएका लाभग्राही बाहेक अन्य लाभग्राहीहरुले आफूले पाउनुपर्ने बाँकी किस्ताहरु लिनका लागि २०७९ जेठ मसान्तसम्मको समयसीमा तोकी निजी आवास निर्माण सम्पन्न गरेको प्रमाण सहित आवेदन दिन म्याद दिने र किस्ता रकम भुक्तानी गर्ने कार्य २०७९/०३/२० सम्ममा सम्पन्न गरी फरफारक गर्ने गरी व्यवस्था मिलाउने भनी निर्णय गरेकोमा वर्षान्तको अन्त्य हुन केही दिन बाँकी हुँदा ३१ वटा जिल्ला मध्ये २३ वटा जिल्लाको लागि मात्र निजी आवास अनुदान रकम निकासा भएको र ८ वटा जिल्लाको लागि निजी आवास अनुदान रकम निकासा नै नभएकोले तोकिए बमोजिम निजी आवासको कार्यलाई फरफारक गर्न नसकिएको हुँदा चालु आर्थिक वर्षको विनियोजित बजेटबाट र पुनरावेदन समितिबाट कायम भएका लाभग्राही र भूमीहिन/विस्थापित लाभग्राहीहरुको पुनर्निर्माण कार्यलाई निरन्तरता दिई निजी आवास पुनर्निर्माणको कार्य सम्पन्न गर्न २०८० असार मसान्तसम्म म्याद थप गर्न निर्णय हुन आवश्यक रहेको छ ।

२. <u>प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा:</u>

अर्थ मन्त्रालयको च.नं. १३९६/३४७०००११-०२क मिति २०८०।०१।१२ को सहमति पत्र, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिको २१औं बैठकको निर्णय र मिति २०७९/२/३१ को मन्त्रिपरिषद्को निर्णय छायाँकपी संलग्न रहेको छ ।

३. <u>प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस:</u>

सम्वत् २०७८ साल भदौ ३० गते राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट पुनर्निर्माणका बाँकी रहेका मध्ये निजी आवास पुनर्निर्माण समेतका कार्यहरु शहरी विकास मन्त्रालयमा हस्तान्तरण भई शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) बाट कार्यान्वयन हुँदै आइरहेको छ। आ.व. २०७८/७९ मा फाईल प्रमाणीकरण भई बजेट अपुग भएका कारण भुक्तानी हुन बाँकी रहेका लाभग्राहीहरु साथै पुनरावेदन समितिको म्याद सम्वत् २०७९ पुष ९ गतेसम्म रहि समितिबाट सो अवधिभित्र कायम भएका लाभग्राहीहरुसँग सम्झौता गरी निजी आवास पुनर्निर्माणको कार्य सम्वत् २०८० असार मसान्तसम्ममा सम्पन्न गर्नुपर्ने र चालु आ.व. २०७९/८० मा रु १ अर्ब १२ करोड ८८ लाख बजेट विनियोजन भएकोमा प्रमाणीकरण भईसकेका लाभग्राहीहरुलाई स्वीकृत बजेटको परिधि भित्र रहि थप आर्थिक दायित्व सृजना नहुने गरी बाँकि किस्ता रकम भुक्तानी

सुरेश आचार्य
सचिव

गरि फरफारक गर्ने र पुनरावेदन, भूमिहिन/विस्थापित सहितका लाभग्राहीको हकमा मिति २०८० असार मसान्तसम्ममा निजी आवास निर्माण सम्पन्न गरी प्रमाणीकरणको लागि शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका सम्बन्धित निकायमा पेश गर्ने गरी निजी आवास पुनर्निर्माणको म्याद थप सम्बन्धी निर्णय हुनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०८०/०१/१४ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः

निजी आवास पुनर्निर्माण तथा प्रबलीकरणको कार्यलाई देहाय बमोजिम गर्ने गरी निरन्तरता दिने।

क. भूमिहीन तथा भूकम्पबाट विस्थापितका लागि जग्गा व्यवस्थापन भईसकेका लाभग्राहीहरुको आवास निर्माणको कार्य आगामी २०८० असार मसान्तसम्ममा सम्पन्न गर्ने।

ख. पुनरावेदन समितिबाट मिति २०७९/०९/०९ सम्म कायम भएका लाभग्राहीहरुसँग सम्झौता गरी निजी आवास पुनर्निर्माणको कार्य आगामी २०८० असार मसान्तसम्ममा सम्पन्न गर्ने ।

ग. आ.व.०७८/०७९ मा फाईल प्रमाणीकरण भई भुक्तानी हुन बाँकी लाभग्राहीहरुको भुक्तानी गर्ने र २०८० असार मसान्त सम्ममा निजी आवास निर्माण सम्पन्न गर्ने पुनरावेदन लाभग्राही एवं भूमिहिन/विस्थापित लाभग्राहीहरुलाई प्राप्त बजेटको परिधिभित्र रही भुक्तानी गर्ने ।

मितिः २०८०/०१/१५

(सुरेश आचार्य)
सचिव